# प्रदेश सरकारका नीतिहरुको संक्षिप्त विवरण

प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
प्रदेश नं. ३, हेटौंडा
२०७५

# प्रदेश सरकारका नीतिहरुको संक्षिप्त विवरण

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं. ३, हेटौंडा

२०७५

प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
प्रदेश नं ३
हेटौंडा, मकवानपुर, नेपाल

# मन्तव्य

प्रदेश सरकारले जनताको जीवनमा प्रत्यक्ष असर पार्ने विभिन्न विषयहरुमा आफ्नो क्षेत्राधिकारभित्र रहेर प्रादेशिक नीतिहरुको तर्जुमा गरिरहेको छ। सो अनुरुप प्रदेशले हालसम्म २४ ऐन तर्जुमा, नियमावली, आदेश तयार गरेको अवस्था छ।

यस पुस्तिकामा प्रदेश सरकार गठन भएको एक वर्ष भित्र प्रदेश सरकारले प्रमाणीकरण गरेका ऐनहरुको संक्षिप्त विश्लेषण गरिएको छ।यस पुस्तिकाले प्रदेश सरकार, प्रदेश सभा, प्रदेश अन्तर्गतका मन्त्रालयहरु र निजी क्षेत्र एवं नागरिकहरुलाई प्रदेश सरकारको नीतिका वारेमा अद्यावधिक जानकारी दिन सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, यस पुस्तिका तयार गर्न सहयोग पुऱ्याउने नीति तथा योजना आयोग सचिवालयमा नि. सचिव श्री आत्माराम सत्यालको नेतृत्वमा गठित समितिका उपसचिव श्री मान बहादुर  बस्नेत एवं शा.अ चिरञ्जीवि पौडेललाई धन्यवाद दिन चाहन्छु।

डा. खिमलाल देवकोटा
उपाध्यक्ष
२०७५।१०।२७

# विषय-सूची


मन्तव्य ........................................................................................ ii

परिच्छेद एकः परिचय ........................................................................ १

१.१ पृष्ठभुमि ........................................................................ १

१.२ सार्वजनिक नीतिका प्रकारहरु ................................................ २

१.३ नीति निर्माण ........................................................................ ३

१.४ सार्वजनिक नीति सम्बन्धमा संवैधानिक व्यवस्था ................................ ३

१.५ नीति निर्माणमा संलग्न निकायहरु ................................................ ४

परिच्छेद दुई: पहिचान गरिएका नीतिहरू ........................................................ ९

प्रदेश सरकारले पहिचान र प्राथमिकता निर्धारण गरेका कानुनको विवरण......... ९

परिच्छेद तीनः नीति निर्माणको प्रगति स्थिति ................................................ १७

३.१ प्रमाणीकरण भएका कानुनहरू ........................................................ १७

३.२ विचाराधीन विधेयकहरू ........................................................ १९

३.३ मन्त्रिपरिषद्बाट जारी आदेश र नियमावलीहरू ........................................ २०

परिच्छेद चारः प्रदेश ऐनहरूको संक्षिप्त विश्लेषण ............................................ २१

४.१ विद्यमान ऐनहरू ........................................................................ २१

४.२ समस्या तथा चुनौती ........................................................................ ३८

परिच्छेद पाँचः निश्कर्ष र सुझाव ........................................................ ४०

५.१ निश्कर्ष ........................................................................ ४०

५.२ सुझावहरु ........................................................................ ४१

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभुमि

राष्ट्रको हित, उन्नति र विकासका लागि सरकारले गर्ने निर्णयलाई सार्वजनिक नीति भनिन्छ। जनताले भोगिरहेका समस्यालाई समाधान गर्न एवं सार्वजनिक जीवनलाई गतिशीलता प्रदान गर्न उपयुक्त नीति आवश्यक पर्दछ। यस्ता नीतिले सरकारलाई सही मार्गमा हिड्न सहयोग पुऱ्याउनुका अतिरिक्त मुलुकमा विकास र सुशासन कायम गराउन सहयोग गर्दछन्। सार्वजनिक नीतिलाई देहाय बमोजिम थप स्पष्ट पार्न सकिन्छ।

- सरकारले जनताप्रतिको सार्वजनिक उत्तरदायित्व र प्रतिवद्धता पूरा गर्ने क्रममा गरेको अठोट वा घोषणा,
- सरकारले केही गर्न वा नगर्नका लागि लिइएको निर्णय,
- कुनै खास उद्देश्य वा लक्ष्य प्राप्तिका लागि सरकारले थालेको कदम वा अगाडि वढाइएको क्रियाकलाप,
- राजनीतिक सोचलाई कार्यक्रमहरु र क्रियाकलापहरुमा रुपान्तरण गरी लक्षित नतिजा प्राप्त गर्ने साधन।

सार्वजनिक नीतिका सामान्य विशेषतालाई देहाय उल्लेख गर्न सकिन्छ ।

(क) यसले बहुल समाजको सरोकारवालाहरुलाई सम्बोधन गर्छ,

(ख) नीति समान रुपमा लागू हुन्छ,

(ग) यो कानुन र अधिकार सम्पन्न हुन्छ,

(घ) उद्धेश्य वा लक्ष्य उन्मुख व्यवहार हुन्छ,

(ङ) सार्वजनिक, खुल्ला र सबैका लागि प्राप्त रहने हुँदा यसको स्वामित्व नागरिकमा रहने हुन्छ,

(च) मूलतः सरकारी तहबाट जारी हुने, सार्वजनिक मुद्दा र जनहितको विषयमा केन्द्रित हुने, मूलभूत र वृहत्तर मार्ग निर्देशकका रुपमा रहने र लिखित रुपमा जारी हुन्छ।

## १.२ सार्वजनिक नीतिका प्रकारहरु

सार्वजनिक नीतिलाई निम्न आधारमा विभाजन गर्न सकिन्छ ।

(क) समयावधिका आधारमा – अल्पकालीन, दीर्घकालीन, मध्यकालीन,

(ख) उद्देश्य र प्रकृतिका आधारमा

(१) सारवान नीति – के के काम गर्ने भन्ने निर्धारण गर्ने,

(२) कार्यविधि नीति – के के र कसरी गर्ने भन्ने विषय निर्धारण हुने नीति,

(३) नियन्त्रणकारी नीति – आचरण व्यवहारलाई नियन्त्रण नीति,

(४) आत्मनियन्त्रणकारी नीति – नियन्त्रित हुने समुहद्धारा आफ्नो सुरक्षा र संवर्धन गर्ने नीति

(५) वितरणमुखी नीति– सरकारको समाजमा पछि परेका वर्ग बिशेषका लागि ल्याइएका कार्यक्रमहरु,

(६) पुनः वितरणकारी नीति– धन सम्पत्ति वा अधिकार समाजका एक वर्गबाट अर्को वर्गमा हस्तान्तरण गर्न ल्याउने,

(७) नियमनकारी नीतिः नियमनको भूमिका खेल्ने खालका नीति,

(८) नैतिक आचरण सम्बन्धी नीति – नैतिक आचरण कायम गराउने,

(९) विश्वव्यापी नीति – मानव कल्याणका लागि विश्व समूदायले तयार गरेको नीति।

## १.३ नीति निर्माण

सार्वजनिक कार्यको सुसञ्चालन गर्न गरिने नीति तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको सामूहिक चिनारी सार्वजनिक नीति निर्माण हो। नीति निर्माण प्रक्रियामा निम्न चरणहरु पर्दछन् ।

(१) समस्याको पुष्टि गर्ने, परिभाषित गर्ने र दर्पण गर्ने,
(२) मूल्याङ्कनको आधार तयार गर्ने,
(३) नीति विकल्पको पहिचान गर्ने,
(४) नीति मूल्याङ्कन गर्ने,
(५) नीति विकल्पहरुबाट छनोट गरेर प्रकाशन गर्ने,
(६) नीति परिणामहरुको अनुगमन गर्ने ।

नीति निर्माण प्रक्रिया राजनीतिक र राजनीतिक कार्यको अंश भएकोले सार्वजनिक नीतिहरु, कार्यक्रमहरु, निर्णयहरु र कार्यान्वयन गर्ने कार्यहरुलाई राजनीतिक प्रणालीका उपलब्धिहरुको रुपमा लिने गरिन्छ। सार्वजनिक नीतिमा ऐन, नियम, योजना वजेट, क्षेत्रगत नीतिहरु, निर्देशिका एव कार्यविधिहरु पर्दछन। प्रदेश सरकारले तयार गर्ने नीतिहरुलाई ऐन, कानुन, निर्देशन, कार्यक्रम, आदेशका माध्यमबाट कार्यान्वयन गर्दछ।

## १.४ सार्वजनिक नीति सम्बन्धमा संवैधानिक व्यवस्था

सार्वजनिक नीतिको प्रमुख स्रोत संविधान हो। संविधानमा शासकीय प्रणालीको संरचनात्मक व्यवस्था, नागरिकको मौलिक हक अधिकारको संरक्षण एवं राज्यका नीति निर्देशक सिद्धान्त उल्लेख गरिएको हुन्छ।

निश्चय पनि प्रदेश सरकारले तय गरेका सार्वजनिक नीतिहरु पनि संविधानले उल्लेख गरे बमोजिम नै छन् ।

संविधानमा प्रदेश सरकारको काम कर्तव्य अधिकारको वारेमा उल्लेख छ। संविधानतः प्रदेशको एकल अधिकार अनुसूची - ६ मा छ । सो सम्बन्धमा प्रदेशले आफ्नो सभामार्फत् कानुन निर्माण गर्दछ। अनुसूची - ७ बमोजिम संघ र प्रदेशको साझा अधिकार सूची र अनुसूची - ९ बमोजिमको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा भने संघ र स्थानीय तहसँग समन्वय गरी कानुन तयार गर्नुपर्ने हुन्छ। प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारभित्र रहेर राज्यशक्तिको उपयोग गरी विभिन्न नीतिहरु जारी गरेको छ। मध्यवर्ती क्षेत्राधिकारमा संघीय व्यवस्थापिकाले आधारभूत कानुन तर्जुमा गरी प्रदेश र स्थानीय सरकारको अधिकार तोक्न सक्दछ। प्रादेशिक व्यवस्थापिका र स्थानीय सरकारले संघीय कानुनको आधारमा उक्त कानुनसँग नवाझिने गरी आवश्यक कानुनी व्यवस्था मिलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ।

## १.५ नीति निर्माणमा संलग्न निकायहरु

१) राजनैतिक दलहरु – निर्वाचनको माध्यमबाट राजनैतिक दलहरुबाट नै सरकारको निर्माण हुन्छ। तसर्थ, सरकारमा रहेको दलको चुनावी घोषणापत्र सार्वजनिक नीति निर्माणको एक प्रमुख आधार हुन्छ।

२) प्रदेश सभा – यो प्रदेश सरकारको नीति बनाउने सबभन्दा माथिल्लो निकाय हो। यसले,

- प्रदेश सरकारका नीति निर्णयहरुलाई बैधता प्रदान गर्दछ ।
- सरकारले बनाइएका नियमहरु ऐन अन्तर्गत भए बनाइएको जाँच्ने कार्य गर्दछ।

३) प्रदेश मन्त्रिपरिषद् –प्रदेश मन्त्रिपरिषद्को नीति निर्माणमा महत्वपूर्ण भूमिका रहन्छ। सामान्यतः सार्वजनिक नीतिहरुलाई आकार दिने काम मन्त्रिपरिषद्ले गर्दछ। यसको अधिकार संविधानले नै प्रदान गरेको छ। ऐनले दिएको *नियमावलीभित्र* रहेर नियमावली, निर्देशिका, प्रशासकीय आदेशः निर्देशिका आदि तयार गरी स्वीकृत गर्ने काम प्रदेश मन्त्रीपरिषद्ले गर्दछ।

४) कर्मचारीतन्त्रः सरकारको कार्यकारी अंगको सहयोगीको रुपमा कर्मचारीहरुले कार्य गर्दछन्। नीति निर्माणमा स्वामित्व अनुभव र संस्थागत स्मरणको कारणले कर्मचारीतन्त्रले नीति कार्यान्वयनमा प्रमुख भूमिका खेल्दछ।

५) विषयगत मन्त्रालयहरुः नीतिको प्रस्तावको शुरुवात विषयगत मन्त्रालयबाट शुरु हुन्छ। कतिपय नीतिहरु सम्बन्धित मन्त्रालयलाई स्वीकृती दिने अधिकार दिइएको हुन्छ। विषयगत मन्त्रालयको नीति योजना महाशाखाको महत्वपूर्ण भूमिका हुन्छ।


६) गैरसरकारी क्षेत्रः सरकारले गैरसरकारी क्षेत्रसँग सम्बन्धित विषयमा उनीहरुको राय लिएर नीति निर्माण गर्दछ।

७) निजी क्षेत्रः सरकारले निजी क्षेत्र सरोकार भएका वाणिज्य, पर्यटन, उद्योग लगायतका विषयमा उनीहरुको राय लिएर नीति निर्माण गर्दछ।

८) नागरिक समाजः शासकीय व्यवस्थाको एउटा महत्वपूर्ण कर्ता नागरिक समाजको राय सल्लाह सुझाव लिएर मात्र नीतिहरु निर्माण गरिन्छ।

प्रदेशमा कानुन बनाउने प्रक्रियालाई चित्र-१ मा दिइएको छ।

## चित्र-१: प्रदेशमा कानुन बनाउने प्रक्रिया



विधेयक भन्नाले प्रदेश सभामा पेश भएको मस्यौदालाई सम्झनुपर्छ। चित्रमा उल्लेखित विधेयक ऐनमा रुपान्तरण गर्नका लागि प्रयोग गरिने विधि प्रक्रियालाई कार्यविधि नै व्यवस्थापिका सम्बन्धी कार्यविधि हो। यस प्रक्रियामा विधेयकको छलफल, आलोचना र संसोधनहरु समेत पर्दछ। लिखित संविधान भएको मुलुकमा व्यवस्थापन सम्बन्धी कार्यविधि संविधानमा नै उल्लेख गरिएको हुन्छ। नेपालको संविधानको भाग -१५ मा प्रदेश व्यस्थापन कार्यविधि सम्बन्धी व्यवस्था राखिएको छ जसलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ।

- संविधानको अधिनमा रही प्रदेश सभामा विधेयक प्रस्तुत गर्न सकिने,
- विधेयक प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गरिने,
- विधेयक प्रस्तुतकर्ताले प्रदेश सभाको स्वीकृती लिई विधेयक फिर्ता लिन सक्ने,
- प्रदेश प्रमुखले प्रन्ध दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना प्रदेश सभालाई दिने।

तत्काल केही गर्न आवश्यक परेमा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था छ। यसरी जारी भएको अध्यादेशको ऐन सरहको मान्यता हुन्छ।

# परिच्छेद दुई: पहिचान गरिएका नीतिहरू

## प्रदेश सरकारले पहिचान र प्राथमिकता निर्धारण गरेका कानुनको विवरण

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७४/११/१६ को निर्णयानुसार गठन भएको कानुन मस्यौदा समितिले प्रदेशस्तरमा संविधान बमोजिम तर्जुमा गर्नुपर्ने कानुनको पहिचान एवं प्राथमिकरण गरी विवरण सार्वजनिक गरिसकेको छ। प्रदेशका सातवटै मन्त्रालयले आ-आफ्नो कार्यजिम्मेवारी अन्तर्गत बनाउनुपर्ने कानुनको मन्त्रालयगत रुपमा पहिचान गरिएको छ। प्रारम्भिक चरणमा प्रदेशस्तरमा उनान्सय (९९) वटा कानुनको पहिचान गरी बनाउने प्राथमिकता क्रम समेत तोकी तर्जुमा कार्य अगाडि बढेको छ। मन्त्रालयगत रुपमा पहिचान र प्राधमिकता निर्धारण गरेका कानुनको विवरण तालिका -१ मा छ।

**तालिका-१ः मन्त्रालयगत रुपमा पहिचान र प्राथमिकता निर्धारण गरेका कानुनको विवरण**

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| १. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय | |
| १ | स्थानीय स्तरका न्यायिक निकाय स्थापना र संचालन सम्बन्धि प्रदेश कानुन । |
| २ | एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई समान सुरक्षा , व्यवहार र सुविधा उपलब्ध गराउने सम्बन्धी प्रदेश कानुन । |
| ३ | मुख्य न्यायधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी प्रदेश कानुन । |

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| ४ | प्रदेशमा गर्ने प्रक्रिया र गाउँपालिका वा नगरपालिका बिचको विवाद समाधान कार्यविधि प्रदेश कानुन। |
| ५ | प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकार प्रदेश कानुन । |
| ६ | प्रदेश प्रशासन संचालन सम्बन्धमा सरकारी सेवाको गठन र संचालन सम्बन्धी प्रदेश कानुन । |
| ७ | प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारी कल्याण र अवकाश व्यवस्थापन । |
| ८ | प्रदेश मन्त्रालयको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मून्याङ्कन र नियन्त्रण सम्बन्धि निर्देशिका (मन्त्रिपरिषदको निर्णय कार्यान्वयन र अनुगमन समेत) |
| ९ | कर्मचारी क्षमता विकास सम्बन्धी कानुन । |
| १० | प्रदेशस्तरका तालिम नीति र मापदण्ड । |
| १२ | प्रदेश निजामती किताबखाना स्थापना सम्बन्धी कानुन । |
| १२ | प्रदेशस्तरमा सार्वजनि सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण । |
| १३ | विपद् व्यवस्थापन सम्बन्धी कानुन गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन । |
| १४ | प्रादेशिक अन्तर सरकारी सेवा समन्वय, अन्तर्सम्बन्धअदारर सादा री सम्बन्धी कानुन । |
| १५ | संघीय सरकारको स्वीकृती बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन सम्बन्धी कानुन । |

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवं सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा सुविधा सम्बन्धी कानुन । |
| **२. आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | |
| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
| १ | प्रदेश प्रहरी सेवा सम्बन्धी कानुन ( सामुदायिक प्रहरी संचालन सम्बन्धी व्यवस्था र मापदण्ड, प्रदेश अनुसन्धान ब्युरो समेत ) |
| २ | प्रदेश प्रशासन सम्बन्धी कानुन ( स्थानीय प्रशासन सञ्चालन समेत ) |
| ३ | प्रादेशिक कारागार सुरक्षा तथा हिरासतको व्यवस्थापन सम्बन्धी कानुन |
| ४ | रेडियो, एफ.एम्, टेलिभिजन व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधि |
| ५ | चलचित्र (निर्माणहल संचालन तथा प्रदर्शन अनुमति र नियमन) कार्यविधि कानुन |
| ६ | सूचनाको हक सम्बन्धी प्रदेशिक कानुन |
| ७ | अनलाईन मिडिया र अन्य प्रविधिमा आधारित संचार माध्यमको संचालन एवं नियमन सम्बन्धी कार्यविधि |
| ८ | प्रदेशस्तरका इन्टरनेट सेवाको दर्ता, अनुमति, नविकरण र नियमन सम्बन्धी नकानुन । |
| ९ | छापाखाना तथा प्रशारण सम्बन्धी कानुन (प्रदेशस्तरीय प्रेस रजिष्टार समेत) |

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| १० | केबल वितरणको इजाजत, नविकरण र नियमन सम्बन्धी कानुन |
| ११ | गुनासो र विवाद वयवस्थापन उपलब्धि |
| १२ | जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी कानुन |
| १३ | पारिवारिक मामिला सम्बन्धी कानुन |
| १४ | विपद् व्यवस्थापन सम्बन्धी कानुन |
| १५ | उपाधि, सम्मान तथा विभूषण सिफारिश सम्बन्धी मापदण्ड |
| १६ | अपराध तथा यातना पीडितको पुनःस्थापना र क्षतिपूर्ति सम्बन्धी कानुन |
| १७ | प्रदेशस्तरको सूचना प्रविधि पार्कको व्यवस्थापन सम्बन्धी कानुन |
| **३. आर्थिक मामिला तथा योजना मन्त्रालय** | |
| १ | प्रदेश विनियोजन विधेयक (चालु आ.ब.) |
| २ | प्रदेश विनियोजन विधेयक (आगामी आ.ब.) |
| ३ | प्रदेश आकस्मिक कोष कानुन |
| ४ | प्रदेश कर/गैरकर राजश्व उठाउने कानुन |
| ५ | प्रदेश सार्वजनिक खरिद सम्बन्धी कानुन |
| ६ | प्रदेश ऋण तथा जमानत सम्बन्धी कानुन |
| ७ | प्रदेश आर्थिक कानुन |
| ८ | प्रदेश विभाज्य कोष सम्बन्धी कानुन |

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| ९ | स्थानीय तहलाई उपलब्ध गराइने समानीकरण अनुदान सम्बन्धी कानुन |
| १० | प्राकृतिक स्रोतको करको दर निर्धारण सम्बन्धी कार्यविधि |
| ११ | प्रदेश सरकारको अनुदान सम्बन्धी कानुन |
| १२ | प्रदेशको अनुगमन, मूल्यांकन कार्यविधि/दिग्दर्शन |
| १३ | राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रदेश स्तरको नीति र कानुन |
| १४ | वैंक तथा वित्तिय संस्था सम्बन्धी कानुन |
| १५ | सार्वजनिक, निजी र सहकारी एवं सार्वजनिक, निजी र साझेदारी नीति |
| १६ | आगामी आ.व. को लागि MTEF कार्यविधि |
| १७ | आर्थिक कार्यविधि नियमावली |
| १८ | प्रदेश वित्त हस्तान्तरण सम्बन्धी कानुन |
| १९ | वैदेशिक सहयोग र ऋण सम्बन्धी कानुन/नीति |
| २० | कार्यसञ्चालन निर्देशिका(बजेट खर्च) |
| २१ | बजेट दिग्दर्शन |
| २२ | प्रदेश सञ्चितकोष सञ्चालन निर्देशिका |
| **४. भौतिक पूर्वाधार विकास मन्त्रालय** | |
| १ | उर्जा तथा विद्युत सम्बन्धी कानुन (उत्पादन, प्रसारण, वितरण, र विद्युत सेवा नियमन) |

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| २ | जल उपयोग तथा नदी व्यवस्थापन सम्बन्धी कानुन (जलाधार संरक्षण, सिचाई, नदी तथा खोला नियन्त्रण, खानेपानी सम्बन्धी, नदी उकास) |
| ३ | गुणस्तर एवं प्रयोगशालाहरु सम्बन्धी छाता कानुन |
| ४ | यातायात सम्बन्धी कानुन |
| | सडक, सवारी साधन, यातायात व्यवस्थापन, रुट अनुमति, मापदण्ड र भाडा दर निर्धारण, सडक मापदण्ड, सबैखाले यातायात सम्बन्धी विषय (रज्जु मार्ग, रेल, जल) यातायात सुरक्षा र सवारी प्रदुषण सम्बन्धी |
| ५ | प्रदेशस्तरमा सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी कानुन |
| ६ | जग्गा तथा आवास व्यवस्थापन ऐन |
| | - भवन संहिता, मापदण्ड, सुरक्षित वसोवास, वस्ति एकिकरण, एकिकृत वस्ति विकास, जग्गा एकिकरण (Land Polling), घर एकिकरण(House Polling) |
| ७ | **खानेपानी व्यवस्थापन,**सरसफाई तथा प्रदुषण नियन्त्रण ऐन- बस्न स्तरीय, घरेलु स्तरीय, कार्यालय, प्रतिष्ठान स्तरको सरसफाई, Recycle, Reuse, Renew, ध्वनी, धुँवा, हावा, पानी, माटो, vehicle finer centre |
| **५. सामाजिक विकास मन्त्रालय** | |
| १ | महिलाको सम्वन्धी प्रदेश कानुन |
| २ | बालबालिकाको हकहित सम्वन्धी प्रदेश कानुन |
| ३ | खेलकुद तथा युवा सम्वन्धी कानुन |

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| ४ | शिक्षा तथा विश्वविद्यालय सम्बन्धी कानुन |
| ५ | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक साँस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्राहलय, गढी, साँस्कृतिक धरोहर, सम्वन्धी कानुन |
| ६ | स्वास्थ्य तथा पोषण सम्वन्धी कानुन |
| ७ | सामाजिक सुरक्षा सम्वन्धी कानुन |
| ८ | भाषा, लिपि, संस्कृति, ललितकला, गुठी र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रदेश कानुन |
| ९ | प्रदेश स्तरमा पुस्तकालय, अभिलेखालय सम्वन्धी कानुन |
| १० | जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्वन्धी कानुन |

**६. उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय**

| क्र.सं. | कानुनको बिषय |
|---|---|
| १ | वन सम्बन्धी कानुन |
| २ | व्यापार, व्यवसाय, ब्यापारिक फर्महरुको दर्ता, *नवीकरण,* खारेजी र नियमन सम्बन्धी कानुन |
| ३ | खानी अन्वेषण तथा ब्यवस्थापन सम्बन्धी कानुन |
| ४ | औधोगिक ब्यवसाय सम्बन्धी कानुन |
| ५ | वातावरण संरक्षण सम्बन्धी कानुन |
| ६ | वस्तु तथा सेवा आपूर्ति र उपभोक्ता हित संरक्षण सम्बन्धी कानुन |
| ७ | करार, साझेदारी र एजेन्सी तथा दामासाही सम्बन्धी कानुन |
| ८ | पर्यटन सम्बन्धी कानुन |

| क्र.सं. | तर्जुमा गर्नुपर्ने कानुनको बिषय |
|---|---|
| ९ | अत्यावश्यक सेवा सम्बन्धी कानुन (छाता कानुन) |
| १० | रोजगार प्रवर्द्धन सम्बन्धी कानुन |
| ११ | विज्ञान प्रविधि सम्बन्धी कानुन |
| १२ | ढुंगा, गिट्टी, बालुवा संकलन प्रक्रिया सम्बन्धी कार्यविधि |
| **७. भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय** | |
| सि.नं. | तर्जुमा गर्नुपर्ने कानुनको विषय |
| १ | भूमि व्यवस्था सम्बन्धी  कानुन |
| २ | गुठी तथा गुठी जग्गा व्यवस्था सम्बन्धी कानुन |
| ३ | खाद्य, पोषण तथा खाद्य सम्प्रभूता सम्बन्धी कानुन |
| ४ | गरिबी निवारण सम्बन्धी कानुन |
| ५ | पशुपंछी औषधी कीटनाशक तथा विषादी |
| ६ | दाना पदार्थ सम्बन्धी कानुन |
| ७ | पशु सेवा सम्बन्धी कानुन |
| ८ | बीउ बीजन तथा विरुवा संरक्षण सम्बन्धी कानुन |
| ९ | सहकारी सम्बन्धी कानुन |
| १० | (कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण सम्बन्धी कानुन मासु जाँचसम्बन्धी) |
| ११ | प्रांगारिक तथा रासायनिक मलखाद सम्बन्धी कानुन |
| १२ | चरण तथा खर्क नीति |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय

# परिच्छेद तीनः नीति निर्माणको प्रगति स्थिति

## ३.१ प्रमाणीकरण भएका कानुनहरू

प्रदेशसभाले हालसम्म २४ वटा विधेयक पारित गरी २४ वटै विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भईसकेको अवस्था छ भने ४ वटा विधेयक प्रदेशसभामा विचाराधिन अवस्थामा छन्। १० वटा विधेयकमा मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृत प्राप्त भएको अवस्था छ। प्रमाणीकरण भएका विधेयकको विवरण तालिका २ मा छ।

**तालिका- २ः प्रमाणीकरण भएका विधेयक**

| क्र. स. | प्रमाणीकरण भएका विधेयक | विधेयकसँग सम्बन्धित मन्त्रालय |
|---|---|---|
| १ | गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि)ऐन, २०७५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय |
| २ | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ | |
| ३ | प्रदेश प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ | |
| ४ | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी ऐन,२०७५ | |
| ५ | मुख्य न्यायधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी ऐन,२०७५ | |

| | | |
|---|---|---|
| ६ | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ७ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ | |
| ८ | प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ | |
| ९ | प्रदेश संस्था दर्ता ऐन, २०७५ | |
| १० | प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ | |
| ११ | प्रदेश विपद व्यवस्थापन ऐन,२०७५ | |
| १२ | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १३ | प्रदेश विनियोजन ऐन, २०७५(आ.व. ०७४।०७५ का लागि) | |
| १४ | प्रदेश विनियोजन ऐन, २०७५(आ.व. ०७५।०७६ का लागि) | |
| १५ | प्रदेश आकस्मिक कोष ऐन,२०७५ | |
| १६ | प्रदेश आर्थिक ऐन,२०७५ | |
| १७ | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन,२०७५ | |
| १८ | प्रदेश वित्तीय हस्तान्तरण ऐन,२०७५ | |
| १९ | प्रदेश कार्य सञ्चालन कोष ऐन,२०७५ | |
| २० | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २१ | प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ | |

| | | |
|---|---|---|
| २२ | प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद स्थापना र सञ्चालन गर्ने ऐन,२०७५ | सामाजिक विकास मन्त्रालय |
| २३ | प्रदेश खेलकूद विकास ऐन, २०७५ | |
| २४ | प्रादेशिक दुग्ध विकास वोर्ड ऐन,२०७५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## ३.२ विचाराधीन विधेयकहरू

प्रदेश सभामा विचाराधीन विधेयकहरूको विवरण तालिका ३ मा छ ।

**तालिका-३ः प्रदेश सभामा विचाराधीन विधेयकहरूको विवरण**

| क्र. स. | विधेयकको नाम | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| १ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| २ | प्रादेशिक सहकारी सम्बन्धी विधेयक | भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय |
| ३ | प्रदेश राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक<br>प्रादेशिक औधोगिक व्यवसाय सम्बन्धी विधेयक | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय |

## ३.३ मन्त्रिपरिषद्बाट जारी आदेश र नियमावलीहरू

प्रदेश मन्त्रिपरिषदबाट जारी एवं स्वीकृत आदेश तथा नियमावलीको विवरण तालिका ४ मा छ।

**तालिका- ४ः प्रदेश मन्त्रिपरिषदबाट जारी एवं स्वीकृत आदेश तथा नियमावलीको विवरण**

| क्र. सं. | नाम | कैफियत |
|---|---|---|
| १ | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी आदेश, २०७५ | ऐनबाट खारेज भएको । |
| २ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी आदेश, २०७५ | ऐनबाट खारेज भएको । |
| ३ | प्रदेश नीति तथा योजना आयोग(गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ | |
| ४ | प्रदेश भित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ | |
| ५ | प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७४ | |
| ६ | प्रदेश सरकार ( कार्यसम्पादन) नियमावली, २०७४ | |
| ७ | जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ | |

# परिच्छेद चारः प्रदेश ऐनहरूको संक्षिप्त विश्लेषण

## ४.१ विद्यमान ऐनहरू

प्रदेशसभाले पारित गरी प्रदेश प्रमुखबाट प्रमाणीकरण भईसकेका २४ वटा विधेयकको संक्षिप्त विश्लेषण यस परिच्छेदमा प्रस्तुत गरिएको छ। कानुनको प्रमाणीकरण मिति, कानुन तर्जुमा गर्नुको उद्देश्य, समावेश गर्न खोजिएको प्रमुख विषयलाई अति संक्षेपमा देहाय बमोजिम उल्लेख गरिएको छ।

### १. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४

२०७४ सालको ऐन नं. ०१, प्रमाणीकरण मितिः २०७४।१२।२१

<u>प्रमुख प्रावधान</u>ः

यस ऐनमा १५ वटा दफा छन्। प्रदेशस्तरका केही सार्वजनिक लिखतहरूको प्रमाणीकरण सम्बन्धी कानुन निर्माण गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचनाको प्रमाणीकरण सम्बन्धी व्यवस्था, नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरण, प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरण, संविधान तथा अन्य सार्वजनिक लिखतको प्रमाणीकरण साथै प्रदेश राजपत्रमा प्रकाशन गर्ने विषयहरु लगायतको व्यवस्था गरिएको छ।

## २. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

२०७४ सालको ऐन नं. ०२, प्रमाणीकरण मितिः २०७४।१२।२१

<u>प्रमुख प्रावधान</u>

यस ऐनमा ११ परिच्छेद ६४ दफा रहेका छन्। प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण, बेरुजु फछ्र्यौट, असुल उपर तथा तहसील गर्ने गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने, प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्त्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने, प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलव्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमा पूर्वानुमान आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्ने लगायतका व्यवस्था गरिएको छ ।

## ३. प्रदेश विनियोजन ऐन,२०७५(आ.व ०७४।०७५ का लागि)

२०७४ सालको ऐन नं. ०१, प्रमाणीकरण मितिः २०७४।१।१६

**<u>प्रमुख प्रावधान</u>**

यस ऐनमा ४ दफा र २ अनुसूची रहेका छन् । आ.व. २०७४/०७५ को सेवा र कार्यहरुको लागि प्रदेशको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा आर्थिक वर्ष २०७४/०७५ निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार, विनियोजन सम्बन्धी व्यवस्था, अनुसूची -१ मा नेपालको संविधानको धारा २०६ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम र अनुसूची -२ मा प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम लगायतको व्यवस्था गरिएको छ ।

## ४. स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५

२०७५ सालको ऐन नं. ०२, प्रमाणीकरण मिति : २०७५÷०१÷२० गते ।

**<u>प्रमुख प्रावधानहरू</u>**

यस ऐनमा १५ दफा र २ अनुसूची रहेका छन् । नेपालको संविधानमा व्यवस्था भए बमोजिमका गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्य तथा स्थानीय तहका पदाधिकारी एवं सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा समिति वा कुनै समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता,यातायात

सुविधा,पत्रपत्रिका र संचार सुविधा,दैनिक भ्रमण भत्ता,सरकारी कोषबाट निवृत्तभरण पाइरहेको व्यक्ति,पदाधिकारी वा सदस्य पदमा निर्वाचित वा मनोनित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मात्र पाउने प्रावधान, कुनै पदाधिकारी,सदस्य वा सभाका सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिडडुल गर्न असमर्थ भई सहयोगीको सेवा लिन आवश्यक भएमा पाउने सेवा विशेष सेवा सुविधा,सुविधा सम्बन्धित पदाधिकारी बैकको खाता मार्फत भुक्तान गरिने लगायतको व्यवस्था समावेश गरिएको छ ।

## ५. गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

२०७५ सालको ऐन नं. ०३, प्रमाणीकरण मिति : २०७५/०१/२०

<u>प्रमुख प्रावधान</u>

यस ऐनमा ५ परिच्छेद, ६५ दफा र ३ अनुसूची रहेक छन् । स्थानीय तहको बैठक एवं कार्य सञ्चालनलाई मर्यादित र व्यवस्थित बनाउन, समिति गठन तथा काम कारबाहीको व्यवस्था गर्न, सभाको कानुन निर्माण प्रक्रियालाई प्रभावकारी बनाउने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा गाउँ सभा तथा नगर सभाको बैठक, सभाको बैठक कार्यविधि,सभाको गणपूरक संख्या, बैठकको सञ्चालन र स्थगन, सभामा कार्यसूची र समयावधि प्रकाशन सम्बन्धी प्रावधान, सभाको बैठकमा भाग लिने सदस्यले पालन गर्नु पर्ने आचरणहरु, सभामा नयाँ कानुन बनाउँदा वा कुनै कानुन संशोधन गर्दा विचार गर्नु पर्ने कुरा, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धी कार्यविधि,

जिल्ला समन्वय समितिको काम कर्तव्य अधिकार लगायतका विषय समावेश गरिएको छ।

## ६. प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५

२०७५ सालको ऐन नं. ०४, प्रमाणीकरण मिति : २०७५/०३/०५

प्रमुख प्रावधान

यस ऐनमा ४ परिच्छेद र ९ दफा रहेक छन्। प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँड तथा अनुदान सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा प्रदेश सरकारले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्ने, प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँड गर्नु पर्ने, स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने, सशर्त अनुदान ,समपूरक अनुदान, विशेष अनुदान लगायतको व्यवस्था गरिएको छ ।

## ७. प्रदेश आकस्मिक कोष ऐन,२०७५

२०७५ सालको ऐन नं. ०५, प्रमाणीकरण मिति : २०७५/०३/२०

प्रमुख प्रावधान

यस ऐनमा १२ दफा र १ अनुसूची रहेका छन् । प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्ने

उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा  भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी  लगायतका प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित  कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा  तत्काल गरिने आकस्मिक कार्यको लागि प्रदेश आकस्मिक कोषको नामबाट एउटा कोष स्थापना गरिने, उक्त कोषमा प्रदेश सञ्चित कोषबाट पाँच करोड रुपैंयाँ  झिकी  जम्मा गरिने, त्यस्तो रकम प्रदेश सरकारले आकस्मिक कार्यका लागि रकम खर्च गर्न सक्ने, आकस्मिक कोषको  सञ्चालन आर्थिक मामिला तथा कानुन मन्त्रालयबाट हुने ,कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित निकायले पेश्की को रुपमा मन्त्रालय मार्फत रकम  निकासाको माग गर्नु पर्ने लगायतका विषय समावेश गरिएको छ ।

## ८. कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५

२०७५ सालको ऐन नं. ०६, प्रमाणीकरण मिति : २०७५/०३/३२

**<u>प्रमुख प्रावधान</u>**

यस ऐनमा ११ परिच्छेद र ५८ दफा रहेका छन्  । प्रदेशको समतामूलक विकासका लागि कर तथा गैरकर राजस्व परिचालन सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा कर तथा गैरकर राजस्व निर्धारणका आधार, प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका

विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहन सक्ने प्रावधान, कर अधिकृतको काम, कर्तव्य र अधिकार, कर तथा गैरकर राजस्व अन्तर्गत घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर कृषि आयमा कर, पर्यटन शुल्क, दहत्तर बहत्तर शुल्कको व्यवस्था गरेको छ ।प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिटी, बालुवा, दहत्तर र बहत्तर संकलन, बिक्री वा निकासी गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्ने, त्यसैगरी कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व सम्बन्धित निकायमा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्ने, कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको दायित्व  करदाताको अधिकार, कर विवरण र कर दाखिलाका कार्यविधि विषय समावेश गरिएको छ ।

## ९. प्रदेश आर्थिक ऐन, २०७५

२०७५ सालको ऐन नं. ०७, प्रमाणीकरण मिति : २०७५/०३/३२

**<u>प्रमुख प्रावधान</u>**

यस ऐनमा १२ दफा  र ५ अनुसूची रहेका छन् । प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी  प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानुन तर्जुमा गर्ने उद्देश्यले यो ऐन जारी भएको

छ।यस ऐनमा सालबसाली रुपमा आउने प्रस्तुत ऐनले आर्थिक वर्षको निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार, विनियोजन समबन्धी प्रावधान र अनुसूची १ मा नेपालको संविधानको धारा २०६ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम र प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम लगायतको व्यवस्था गरिएको छ ।

## १०. प्रदेश विनियोजन ऐन, २०७५(आ.व २०७५।०७६ को लागी)

२०७५ सालको ऐन नं. ०८, प्रमाणीकरण मिति : २०७५/०३/३२

**प्रमुख प्रावधानः**

यस ऐनमा जम्मा ४ दफा र २ अनुसूची रहेका छन् । आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेशको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने उद्देश्यले यो ऐन जारी भएको छ।यस ऐनमा आर्थिक वर्ष २०७५/०७६ निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार, विनियोजन सम्बन्धी व्यवस्था, अनुसूची- १ मा नेपालको संविधानको धारा २०६ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम र अनुसूची -२ मा प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकमको व्यवस्था गरिएको छ ।

## ११. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५

२०७५ सालको ऐन नं. ०९, प्रमाणीकरण मिति :२०७५ /०५ /२९

**प्रमुख प्रावधान**

यस ऐनमा १७ दफा  र १ अनुसूची रहेका छन् । नेपालको संविधानको धारा १६० बमोजिम नियुक्त हुने मुख्य न्यायाधिवक्ता मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा प्रदेशको राजधानी रहेको स्थानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुने, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकर,प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा पर्ने वा मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा मुख्य न्यायाधिवक्ताले सहायता माग गरेमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नु पर्ने , प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट कुनै मुद्दामा अदालतमा बहस पैरवी वा प्रतिरक्षा गर्नु पर्ने भएमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नु पर्ने लगायतका विषय उल्लेख गरिएको छ ।

## १२. मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

२०७५ सालको ऐन नं. १०, प्रमाणीकरण मिति : २०७५ /०५ /२९

**प्रमुख प्रावधान**

यस ऐनमा १८ दफा र ४ अनुसूची रहेका छन् । मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधाका सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा मुख्यमन्त्री तथा मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा, मुख्यमन्त्री तथा मन्त्रीलाई धारा,बिजुली,टेलिफोन,इन्टरनेट ,पत्रपत्रिकाको सुविधा,यात्रा बीमा, चिकित्सकको सेवा , चाडपर्व खर्च, स्वकिय सचिवालय, प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनूसूचीमा हेरफेर गर्न सक्ने लगायतका व्यवस्था गरिएको छ ।

## १३. प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

२०७५ सालको ऐन नं. ११, प्रमाणीकरण मिति : २०७५ /०५ /२९ गते ।

**प्रमुख प्रावधानः**

यस ऐनमा ४ दफा रहेका छन् । प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रदेश सरकारका प्रशासकीय प्रकृतिका काम कारबाहीलाई नियमित र व्यवस्थित गर्न प्रशासकीय कार्यविधि सम्बन्धी कानुन निर्माण गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा प्रदेश सरकारले संविधान, संघीय कानुन तथा यस ऐनको विपरित नहुने गरी प्रशासकीय प्रकृतिका काम, कारबाही नियमित तथा व्यवस्थित गर्न, प्रचलित नेपाल कानुन बमोजिम नियमावली बनाई कार्य सम्पादन गर्न नसकिने विषयमा प्रदेश सरकारले सम्पादन गर्नुपर्ने अन्य कार्यको लागि आवश्यक पर्ने नियमावली बनाउने सक्ने व्यवस्था गरिएको छ ।

## १४. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

२०७५ सालको ऐन नं. १२, प्रमाणीकरण मिति : २०७५ /०६ /०४

<u>प्रमुख प्रावधानः</u>

यस ऐनमा २६ दफा र ३ अनुसूची रहेका छन् । प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा पदाधिकारी भन्नाले सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, दलको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र प्रदेश सभा समितिका सभापति समेतलाई सम्झनु पर्छ भनी परिभाषित गरिएको, पदाधिकारी र सदस्यले आफूले निर्वाचित वा मनोनयन भई शपथ लिएको मिति देखि अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा भत्ता पाउने व्यवस्था, सभामुख र उपसभामुखलाई आवासको निमित्त प्रदेश सरकारको तर्फबाट आवश्यक फर्निचर सहितको सरकारी आवासको बन्दोबस्त गरिने, प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने लगायतको व्यवस्था गरिएको छ ।

## १५. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

२०७५ सालको ऐन नं. १३, प्रमाणीकरण मिति :२०७५ /०६ /०४

<u>प्रमुख प्रावधानः</u>

यस ऐनमा दफा दफा २७ र १अनुसूची रहेका छन् । प्रदेश सभा सचिवालयको स्थापना तथा सचिवको योग्यता, काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त सम्बन्धी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा प्रदेश सभाको काम कारबाही सुचारु रुपले सञ्चालन गर्न

तथा प्रदेश सभाका कर्मचारीको सञ्चालन र व्यवस्थापन गर्ने काम समेतको लागि प्रदेश सभा सचिवालयको स्थापना गरिने, सचिवालयमा सचिव र प्रदेश सरकारको स्वीकृत दरबन्दीका सचिवालय सचिव तथा आवश्यक संख्यामा कर्मचारी तथा मर्यादापालक रहने, सभामुख सभापति रहने गरी प्रदेश सभा र सचिवालयलाई सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्न सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको गठन र  समितिको काम, कर्तव्य र अधिकार तोकिएको, प्रदेश सभा सचिवको योग्यता, पदावधि, पदरिक्तता, पारिश्रमिकता, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था लगायतका विषय समावेश गरिएको छ ।

## १६. प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५

२०७५ सालको ऐन नं. १४, प्रमाणीकरण मिति :२०७५ /०६ /०४ गते ।

<u>प्रमुख प्रावधानः</u>

यस ऐनमा दफा २३ रहेका छन् । निजी, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नका लागि प्रदेश दुग्ध विकास बोर्डको स्थापना र सञ्चालन गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा प्रदेश स्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयनतथा दुग्ध क्षेत्रको विकास गर्न प्रदेश दुग्ध विकास बोर्डको स्थापना गरिने, बोर्डमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीको अध्यक्षमा १२ सदस्य रहने, बोर्डको काम, कर्तव्य र अधिकार, बोर्डको

कार्यकारी प्रमुखको रुपमा एकजना उपाध्यक्ष रहने लगायतको व्यवस्था गरिएको छ ।

## १७. प्रदेश विपद व्यवस्थापन ऐन, २०७५

२०७५ सालको ऐन नं. १५, प्रमाणीकरण मिति :२०७५ /०६ /०४

**प्रमुख प्रावधानः**

यस ऐनमा ४६ दफा रहेका छन् । प्रदेश भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद पूर्वको तयारी, विपद जोखिम न्यूनिकरण,पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पुनर्लाभ तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका गर्ने उद्देश्यले यो ऐन जारी भएको छ।यस ऐनमा प्राकृतिक विपद, गैरप्राकृतिक विपद, विपदको विस्तृत परिभाषा गरिएको,मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद व्यवस्थापन निर्देशक समिति रहने,विपद व्यवस्थापन कोषप्रदेशमा भएका वा हुन सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद पूर्वको तयारी, पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पूनर्लाभ र यसको व्यवस्थापन जस्ता सबै क्रियाकलापका लागि आवश्यक पर्ने राहत सामग्रीको भण्डारणको लागि एक गोदाम घर सञ्चालनमा ल्याईने लगायतका व्यवस्था गरिएको छ।

### १८. प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५

२०७५ सालको ऐन नं. १६ प्रमाणीकरण मिति : २०७५ /०७ /१९

**प्रमुख प्रावधानः**

यस ऐनमा १३ परिच्छेद र ८५ दफा रहेका छन् । नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको सुनिश्चितता गर्नको लागि स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थालाई सर्वसुलभ बनाउँदै सेवामा समतामूलक पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य सेवा प्रणालीमा सुधार गर्नको लागि समग्र स्वास्थ्य सेवाको व्यवस्थापन, अनुगमन र नियमन गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था ,अनुमति, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था, प्रदेश स्वास्थ्य समिति सम्बन्धी व्यवस्था, प्रजनन् स्वास्थ्य सम्बन्धी व्यवस्था, खोप सेवा सम्बन्धी व्यवस्था,पोषण सम्बन्धी व्यवस्था, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्था, सेवाप्रदायक र सेवाग्राहीको कर्तव्य तथा अधिकार लगायतको व्यवस्था गरिएको छ ।

### १९. प्रदेश संस्था दर्ता ऐन, २०७५

२०७५ सालको ऐन नं. १७ प्रमाणीकरण मिति : २०७५ /०६ /०४

**प्रमुख प्रावधानः**

यस ऐनमा ५ परिच्छेद र २१ दफा रहेका छन् ।प्रदेशस्तरमा सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी, वन वातावरण, खानेपानी तथा सरसफाई लगायतका कार्य

गर्नको लागि मुनाफा रहित संस्था दर्ता गरी त्यस्ता संस्थाको काम कारबाहीमा प्रभावकारिता ल्याउन अनुगमन तथा नियमन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा "एक तह माथिको पदाधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतको हकमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख र प्रमुख जिल्ला अधिकारीको हकमा मन्त्रालय सम्झनु पर्ने, "संस्था दर्ता अधिकारी" भन्नाले एकमात्र स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र एकभन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्ने, ऐन बमोजिम दर्ता भएको प्रत्येक संस्था संगठित संस्था मानिने, संस्था दर्ता गर्नुपर्ने, नवीकरण, संस्थाको उद्देश्यमा हेरफेर, संस्थाको सम्पत्ति, निलम्बन र खारेजी, अनुगमन तथा मूल्याङ्कन लगायतको व्यवस्था गरिएको छ ।

## २०. प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५

२०७५ सालको ऐन नं. १८ प्रमाणीकरण मिति : २०७५ /०९ /११

**प्रमुख प्रावधानः**

यस ऐनमा ११ दफा रहेका छन् । प्रदेश स्तरमा स्थापना र सञ्चालन गरिने कोषलाई मितव्ययी र प्रभावकारी बनाई कोषको कार्य सञ्चालन मार्फत प्रदेश स्तरमा विशेष प्रकृतिका कार्य गर्ने सम्बन्धमा कानूनी व्यवस्था

गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा कोषको स्थापना, कोषमा रहने रकम, कोषको खाता सञ्चालन,कोषको लेखापरीक्षण लगायतको विषय समावेश गरिएको छ।

## २१. प्रदेश खेलकूद विकास ऐन, २०७५

२०७५ सालको ऐन नं. १९    प्रमाणीकरण मिति : २०७५ /०९ /११

**प्रमुख प्रावधानः**

यस ऐनमा ३३ दफा रहेका छन् । प्रदेशमा खेलकूद, खेल संस्कृतिको विकास, खेलकूद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता तथा खेलकूद क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा परिषद्को गठन, सदस्य सचिवमका काम, कर्तव्य र अधिकार, परिषद्को बैठक र निर्णय, खेलकूद विकास समिति, परिषदको कोष, लेखा र लेखापरीक्षण लगायतको व्यवस्था गरिएको छ।

## २२. प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद ऐन, २०७५

२०७५ सालको ऐन नं. २०  प्रमाणीकरण मिति : २०७५ /०९ /११

**प्रमुख प्रावधानः**

यस ऐनमा २२ दफा रहेका छन् ।प्रदेशमा योजनाबद्ध रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी प्राविधिक जनशक्ति उत्पादन तथा प्राविधिक सीपको स्तर निर्धारण एवं प्रमाणीकरणको लागि

प्रदेश प्राविधिक तथा व्यासायिक शिक्षा तालिम परिषद्को स्थापना र सञ्चालन गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा परिषद्को स्थापना, प्रमुख कार्यकारी, परिषद्को बैठक र निर्णय, परिषद्को काम, कर्तव्य र अधिकार, कर्मचारी सम्बन्धी व्यवस्था, परिषद्को कोष लगायतको व्यवस्था गरिएको छ ।

## २३. प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५

२०७५ सालको ऐन नं. २१ प्रमाणीकरण मिति : २०७५ /०९ /११

**प्रमुख प्रावधानः**

यस ऐनमा ८ परिच्छेद र ५८ दफा रहेका छन् । नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चार एवं सूचनाको हक संरक्षण र सम्बर्धन गर्नको लागि प्रदेश भित्रका विभिन्न भाषा, साहित्य, कला र संस्कृतिको उत्थान तथा प्रबर्ध्दनमा सहयोग पुऱ्याउन सञ्चार माध्यमको अनुमति, प्रकाशन, प्रसारण, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ। यस ऐनमा प्रसारण सम्बन्धी व्यवस्था, प्रदेशभित्र रेडियो, एफ. एम. र टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले सञ्चार रजिष्ट्रार समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने, इजाजतपत्र, प्रसारकको काम, कर्तव्य र अधिकार, पत्रपत्रिका सम्बन्धी व्यवस्था, अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था, सञ्चार रजिष्ट्रार सम्बन्धी व्यवस्था, सञ्चार रजिष्ट्रारको काम, कर्तब्य र अधिकार, सञ्चार माध्यमको स्वामित्व

हस्तान्तरण,     प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था प्रकाशन तथा प्रसारण गर्न नहुने विषय लगायतको व्यवस्था गरिएको छ।

**२४.प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५**

२०७५ सालको ऐन नं. २२ प्रमाणीकरण मिति : २०७५ /१० / १८

**प्रमुख प्रावधानः**

यस ऐनमा १३ परिच्छेद, २२१ दफा र ८ अनुसूची रहेका छन् ।सर्वसाधारण नागरिकलाई सरल एवं शुलभ ढंगबाट यातायात सुविधा उपलव्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न तथा सवारी साधन करको रकम असुल उपर गर्ने कार्यप्रणालीलाई व्यवस्थित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ।यस ऐनमा सवारीको वर्गीकरण सवारी साधन दर्ता सम्बन्धी व्यवस्था, चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था, परिचालक अनुमतिपत्र, बीमा सम्बन्धी व्यवस्था, सवारी साधन कर, प्रदेश सार्वजनिक यातायात सञ्चालन सम्बन्धी व्यवस्था लगायत समावेश गरिएको छ ।

## ४.२ समस्या तथा चुनौती

सरकारले जनतासंग जाहेर गरेको प्रतिवद्धता पूरा गर्न लिएको अठोट नै नीति हो । नीति तर्जुमा प्रकृया एक महत्वपूर्ण एवं संवेदनशील विषय हो ।नीतिलाई व्यवहारमा कार्यान्वयन गर्न कानुनको आवश्यकता पर्दछ ।नीतिका विभिन्न स्वरुप हुन सक्छ । नीति निर्माणमा विज्ञता, अन्य

स्रोत साधनको आवश्यक पर्ने हुँदा यसमा समस्या र चनौती दुवै छन् ।प्रमुख समस्या र चुनौती देहाय बमोजिम रहेका छन् ।

नीति निर्माणका  विभिन्न तहमा विभिन्न जनशक्तिको संलग्नता आवश्यक पर्छ ।पर्याप्त कर्मचारीको अभाव रहनु प्रदेशमा नीति निर्माणको प्रमुख समस्या एवं चुनौतीको रुपमा रहेको छ ।दरबन्दी अनुसारको कर्मचारी पूर्ति नहुँदा नीति निर्माणले गति लिन सकेको छैन ।

नीतिलाई व्यवहारमा रुपान्तरण गर्न कानुन तर्जुमा गर्नुपर्ने हुन्छ । प्रदेशस्तरमा कानुन निर्माणमा संलग्न जनशक्तिको न्यून पूर्ति अर्को समस्याको रुपमा रहेको छ । दक्ष एवं आवश्यक संख्यामा कर्मचारी नहुँदा कानुन निर्माणमा अपेक्षित सफलता प्राप्त हुन सकेको छैन ।

पर्याप्त भौतिक पूर्वाधारको अभाव, कार्यवातावरणको उचित प्रवन्ध नहुँदा पनि नीति निर्माणमा समस्या देखिएको छ ।  कार्यउत्प्रेरित वातावरण, सुविधायुक्त कार्यस्थलको प्रवन्धले कार्य सम्पानमा सकरात्मक प्रभाव पार्छ । यसो हुन नसक्दा नीति निर्माणले गति लिन सक्दैन ।

साझा अधिकारका विषयमा  संघबाट कानुन निर्माणमा ढिलाई हुँदा पनि प्रदेशस्तरमा नीति तर्जुमामा असर पुगेको छ । संघले सिद्धान्त, मापदण्ड तय नगर्दा प्रदेशको कामकारबाहीमा प्रभाव परेको अवस्था छ ।

नीति तर्जुमा विषय संवेदनसील विषय भएकोले संघ एवं अन्तर प्रदेश समन्वय आवश्यक पर्दच । नीति निर्माणमा अन्तरप्रदेश समन्वयको अभाव रहेको देखिन्छ ।

प्रदेशमा नीति तर्जुमा नभई  कानुन तर्जुमा भएको देखिन्छ । पहिला नीति तर्जुमा गरेर मात्र त्यसको कार्यान्वयनका लागि कानुन तर्जुमा हुनुपर्नेमा सो हुन नसक्नु पनि समस्याको रुपमा रहेको छ ।

# परिच्छेद पाँचः निश्कर्ष र सुझाव

## ५.१ निश्कर्ष

संघीयता कार्यान्वयनको सिलसिलामा प्रदेश सरकार स्थापना भई संविधान बमोजिम तर्जुमा गर्नुपर्ने विभिन्न कानुनको पहिचान र प्राथमिकरण सम्पन्न भएको देखिन्छ ।संविधानको प्रभावकारी कार्यान्वयनको लागि प्रदेशस्तरमा हालसम्म २४ वटा कानुन प्रदेश सभाबाट पारित भई २४ वटै वटा कानुन प्रमाणीकरण समेत भएको अवस्था छ ।अन्य कानुन तर्जुमाको क्रममा रहेको देखिन्छ । नीति कै स्वरुपको रुपमा रहेको कानुन तर्जुमा संवेदनसिल विषय भएको र अनुभवी एवं विज्ञ तर्जुमाकारको आवश्यकता पर्दछ ।  न्यून कानूनी जनशक्तिबाट शीघ्र रुपमा धेरै कानुन तर्जुमा गर्नुपर्ने बाध्यता यस प्रदेशमा रहेको छ । संघीयतामा मुलुक प्रवेश पश्चात प्रदेशको संरचना नयाँ अभ्यासको रुपमा रहनु र शुन्यताबाट कार्य प्रारम्भ गर्नुपर्ने अवस्था पनि चुनौतीको रुपमा रहेको छ ।नीतिमा आधारित भएर मात्र कानुन तर्जमा हुनु आवश्यक रहेको छ । प्रदेशले प्रदेश सञ्चालनको लागि अत्यावश्यक पर्ने कानुनको तर्जुमा गरिसकेको छ ।कानुनको जनशक्तिको परिपूर्ति, विज्ञ समूहको उपलब्धता, नीतिको तर्जुमा, प्रदेश सभाको नियमित बैठक, संघीय सरकारबाट कानुन निर्माणमा सहजीकरण हुन सके यस प्रदेशमा कानुन निर्माणले स्वभाविक गति लिने अपेक्षा गर्न सकिन्छ ।

## ५.२ सुझावहरु

प्रदेशमा दरबन्दी अनुसारको कानुनको जनशक्ति तत्काल परिपूर्ति गर्नुपर्ने देखिन्छ ।

माथि उल्लेखित समस्याहरुलाई सम्बोधन गर्न तपसिल बमोजिमका सुझावहरु कार्यान्वयन गर्नुपर्नेछ ।

- नेपाल सरकारले संविधान बमोजिम प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने नीति, सिद्धान्त एवं मापदण्ड यथाशीघ्र तर्जुमा गरी पठाउनु आवश्यक छ ।
- कानुन तर्जुमालाई प्रदेश सरकारले उच्च प्राथमिकता दिई अभियान कै रुपमा लिनुपर्दछ ।
- नीति एवं कानुन तर्जुमामा संलग्न जनशक्तिलाई समय समयमा तर्जुमा सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- कानुन तर्जुमा सरोकारवाला पक्ष एवं आम नागरिकको अपनत्व कायम गर्न सहभागितमामूलक ढंगबाट अगाडि बढाउन आवश्यक छ ।
- कुनै पनि विषयमा कानुनको मसौदा तयार गर्दा सम्बन्धित विषय विज्ञसंग परामर्श एवं छलफलको उचित वातावरण निर्माण गर्नु आवश्यक छ ।
- नीति एवं कानुन तर्जुमाको लागि आवश्यक दिग्दर्शनको निर्माण गर्न सके तर्जुमा कार्यमा  टेवा पुग्छ ।

- संविधानको व्यवस्था एवं संघीयताको मर्म बमोजिम संघ, प्रदेश एवं स्थानीय तह बीचमा कानुन तर्जुमाको विषयमा समन्वय र सहकार्य हुनु आवश्यक मात्र होइन अनिवार्य रहेको छ ।
- सामान्यतया कुनै पनि विषयमा नीति तर्जुमा भए पश्चात उक्त नीतिलाई कार्यान्वयन गर्न कानुन तर्जुमा गरिने हुँदा प्रदेशमा पनि आवश्यक पर्ने नीति तर्जुमालाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।
- नीति निर्माण र तर्जुमा भएको नीतिको सार्वजनिकरणमा पनि पर्याप्त ध्यान पुऱ्याउन आवश्यक छ ।

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं. ३, हेटौंडा, नेपाल

फोन नं.: ०५७-५२५१३१, ५२३६८९